मिति २०७६/१२/७ गतेका दिन माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा बसेको **COVID -19** पूर्वतयारी प्रतिकार्य र नियन्त्रण सम्वन्धी बैठकका निर्णयहरु :

१. नोभल कोरोना भाईरस नियन्त्रणका लागि देहायका स्थानहरुमा आइसोलेसन अस्पतालको व्यवस्था गर्ने ।

| क.सं | जिल्ला | आइसोलेशन अस्पताल रहने स्थान | कर्मचारी व्यवस्थापन गर्ने निकाय | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | रुपन्देही | भिम अस्पताल<br>वुटवल धागो कारखाना<br>देवदह क्याम्पस | प्रादेशिक अस्पताल मेडिकल कलेज र निजी अस्पतालवाट | सम्वन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले व्यवस्थापन गर्ने |
| २ | दाङ | आयुर्वेद अस्पताल बेलझुण्डी | राप्ति प्रादेशिक अस्पताल र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट | सम्वन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले व्यवस्थापन गर्ने |
| ३ | बाँके | अर्वुद रोग अस्पताल<br>नेपाल प्रहरीको अस्पताल | भेरी अस्पताल र बाँके जिल्लास्थित मेडिकल कलेजहरुबाट | बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारीले व्यवस्थापन गर्ने |

२. Rapid Response Team गठन गर्ने सम्वन्धमा ।

क. प्रदेशस्तरमा देहायबमोजिम प्राविधिक Rapid Response Team टिम गठन गर्ने ।

१. मा. सामाजिक विकास मन्त्री - संयोजक
२. सचिव सामाजिक विकास मन्त्रालय - सदस्य
३. सम्वन्धित महाशाखा प्रमुख - सदस्य
४. मेडिकल सुपरिटेन्डेण्ट लुम्बिनी प्रादेशिक अस्पताल - सदस्य
५. मेडिकल सुपरिटेन्डेण्ट भिम अस्पताल - सदस्य

ख. आईसोलेशन तथा ट्रिटमेन्ट अस्पताल निर्माण गरिने स्थानका लागि देहायको टिम रहने

नेपालगञ्जका लागि

| | |
|---|---|
| १. सम्वन्धित जिल्लाका प्र.जि.अ. | संयोजक |
| २. सम्वन्धित पालिका प्रमुख | सदस्य |
| ३. प्रदेस्तरिय वा जिल्ला अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट | सदस्य |
| ४. जिल्ला स्वास्थ्य कार्यालय प्रमुख | सदस्य |

दाङका लागि

| | |
|---|---|
| १. सम्वन्धित जिल्लाका प्र.जि.अ. | संयोजक |
| २. सम्वन्धित पालिकाका प्रमुख | सदस्य |
| ३. प्रदेस्तरिय वा जिल्ला अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट | सदस्य |
| ४. जिल्ला स्वास्थ्य कार्यालय प्रमुख | सदस्य |
| ५. जिल्ला आर्युवेद अस्पताल प्रमुख | सदस्य |

रुपन्देहीका लागि

| | |
|---|---|
| १. सम्वन्धित जिल्लाका प्र.जि.अ. | संयोजक |
| २. सम्वन्धित पालिकाका प्रमुख | सदस्य |
| ३. प्रदेस्तरिय वा जिल्ला अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट | सदस्य |
| ४. जिल्ला स्वास्थ्य कार्यालय प्रमुख | सदस्य |
| ५. जिल्ला आर्युवेद अस्पताल प्रमुख | सदस्य |

ग. अन्य जिल्लातहमा देहायको टिम गठन गर्ने ।

| | |
|---|---|
| १. प्रमुख जिल्ला अधिकारी | संयोजक |
| २. जिल्ला जनस्वास्थ्य प्रमुख | सदस्य |
| ३. जिल्ला अस्पतालका प्रमुखहरु | सदस्य |

३. संभावित संक्रमितलाई आईसोलसन अस्पतालमा रेफर गरी पठाएको र सम्वन्धित अस्पतालले विरामी वुझेको अभिलेख अद्यावधिक गरिराख्ने ।

४. कोरोना भाईरसको सूचना संप्रेषण तथा सुरक्षाका लागि छुट्टै सूचना प्रणाली वनाउने । संकास्पद व्यक्तिको नाम ठेगाना लगायतको विवरण खुल्ने गरी विवरण मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा पठाउने व्यवस्था सामाजिक विकास मन्त्रालयले गर्ने ।

५. प्रदेशमा रहेका एम्वुलेन्सहरुको जिल्लागत विवरण सम्वन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले तयारी अवस्थामा राख्ने । एम्वुलेन्स चलाउनका लागि थप चालक आवश्यक भए सुरक्षा निकायमा रहेका चालकहरुको विवरण तयार गरिराख्ने । सवारी चालकहरुलाई आवश्यक परामर्श गर्ने ।

६. सीमा क्षेत्रबाट आवतजावत गर्ने मानिसहरुको विवरण संकलन गर्न थप जनशक्ति आवश्यक भए सम्वन्धित सुरक्षा निकायबाट व्यवस्था गरी विवरण संकलन गरिराख्ने ।

७. भारतीय सिमाना हुँदै नेपाल प्रवेश गर्ने भारत लगायतका अन्य देशका नागरिकहरुलाई अत्यावश्यक काम वाहेक नेपाल प्रवेशमा रोक लगाउने ।

८. भारतबाट नेपाल भित्रिने सवारी साधनहरुलाई मेडिकल ट्रिटमेण्ट गरेर मात्र आउने व्यवस्था कायम गर्ने ।

९. बढी भिडभाड हुने सरकारी कार्यालयहरु नेपाल सरकारबाट भएका सूचनाहरुलाई सार्वजनिक गरी भिडभाड कम हुने व्यवस्था मिलाउने । नेपाल सरकारले गरेका शुल्क, जरिवाना मिनाहा लगायतका सूचना संप्रेषण गर्ने ।